# <u>बडीकेदार गाउँपालिकाको पाँचौ गाउँ सभामा सभाका अध्यक्ष श्री कृष्ण बहादुर चन्द ज्यूले प्रस्तुत गर्नुभएको आ.ब. ०७६।०७७ को नीति तथा कार्यक्रम</u>

मितिः२०७६।०३।१०

**सभा सदस्य ज्यूहरु,**

बडीकेदार गाउँपालिकाका गौरबशाली जनसमुदायका अगाडी यस ऐतिहासिक पाँचौ गाउँ सभामा आ.ब. २०७६।०७७ को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा आफूलाई भाग्यमानी महशुश गरिरहेको छु । लोकतन्त्र स्थापनाका खातिर विभिन्न ऐतिहासिक जनआन्दोलन, शसस्त्र संघर्ष, मधेस आन्दोलन, दलित आन्दोलन, आदिवासी जनजाति आन्दोलन, महिला मुक्ति आन्दोलन, अखण्ड सूदुर पश्चिम आन्दोलन लगायत राज्य राष्ट्र निर्माणका लागि भएका अनेकन संघर्षहरुमा आफ्नो प्राण उत्सर्ग गर्ने ती महान शहीदहरुलाई सम्झन चाहन्छु । झण्डै दुई दशक लामो रिक्तता पछि स्थानीय सरकारले स्थानीय तह निर्वाचन मार्फत पूर्णता पाएको पनि दुई वर्ष पुगेको छ । यस गाउँपालिकामा निर्वाचित स्थानीय सरकार स्थापना भएको दुई वर्षमा सफलतापूर्वक कार्य सम्पादन गर्न अहोरात्र खट्ने सबै जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी, राजनैतिक दल, समाजसेवी, बुद्दिजिबी एवं पत्रकार जगत लगायत सबै गाउँपालिकाबासी आम जनसमुदायलाई हृदय देखि नै धन्यवाद दिन चाहन्छु ।

संवैधानिक अधिकार तथा श्रोत साधन सहित स्थानीय सरकारको गठन भई लोकतन्त्रको आधारशिलाको रुपमा रहेको स्थानीय तहलाई अधिकार सम्पन्न बनाइ सिंहदरवारको अधिकार गाउँ–गाउँमा आइपुग्दा स्थानीय सरकारले गर्वको अनुभूति गरेको छ। "समृद्ध बडीकेदारः पर्यटन, कृषि र पूर्वाधार" भन्ने नारालाई

बडीकेदार गाउँपालिका

आत्मसाथ गर्दै बडीकेदार गाउँपालिका यस गाउँपालिकालाई समुन्नत र समृद्ध बनाउन आम जनसमुदाय संग–संगै सहभागितामूलक ढंगबाट विकास प्रक्रियामा अग्रसर रहेको विधितै छ ।नेपालको संविधानले स्थानीय तहलाई सुनिश्चित गरेका हक अधिकारको क्रियाशिलताका लागि बडीकेदार गाउँपालिका सदा अग्रसर रहीआएको छ ।संविधान प्रदत्त हक अधिकारलाइ आवश्यक कानून एवं संरचनाहरुको निर्माण गर्दै तिनको कार्यान्वयन गाउँपालिकाको सर्वाधिक महत्वको विषयका रुपमा रहदै आएको छ ।नेपालको संविधानले परिलक्षित गरेको राष्ट्रिय अर्थतन्त्रलाई समाजबाद उन्मूख, आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउने सोचलाइ कार्यान्वयन गर्दै दिगोपना सहितको समृद्धिको मार्गमा राष्ट्रलाइ अगाडी बढाउने तर्फ गाउँपालिका केन्द्रित रहेको छ ।

यस गाउँपालिकाको भू–बनोट, विविधतायुक्त प्रकृति, समाजको उत्पत्ति र बनोट, विविधतायुक्त संस्कृति र भाषा, उर्वर कृषि भुमी, जडीबुटीको प्रचुरता, घना बनजंगल, बडीकेदार लगायतका प्रसिद्द तिर्थस्थलहरु यस गाउँपालिकाको समृद्धिको आधारका रुपमा रहेका छन् ।यो अवसरलाई गाउँपालिकाको सुशासन, विकास र समृद्धिको लागि उपयोग गर्न शासकीय अवयवहरुको कुशलतापूर्वक परिचालनबाट समृद्धिको आधार तयार हुने कुरामा आशावादी छु ।

**उपस्थित सभा सदस्य ज्यूहरु,**

दिगो र व्यवसायिक कृषि विकासद्वारा कृषि क्षेत्रलाइ आत्मनिर्भर उन्मुख बनाउने दिशामा गाउँपालिका अग्रसर रहनेछ । निर्वाहमुखी कृषि प्रणालीलाइ नाफामूलक, दिगो एवम् व्यावसायिक कृषि प्रणालीमा रुपान्तरण गर्ने कार्यको थालनी यसै आ.ब. बाट गरिने छ । सहकारी र निजी क्षेत्रसंग साझेदारी गरी कृषि उपजको बजारीकरणका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

गाउँपालिकाका ५ वटै वडाका संभाव्यता हेरी कृषि पकेट क्षेत्रहरुको विकास गर्न गुरुयोजना सहित कार्यक्रम तर्जुमा गरिनेछ । हरेक वर्ष १ जना उत्कृष्ठ कृषक छनौट गरी "गाउँपालिका अध्यक्ष उत्कृष्ठ कृषक पुरस्कार" दिइनेछ।

कृषि बाट गैर कृषि पेशा तर्फको बढ्दो आकर्षणले गाउँपालिका क्षेत्रका तमाम कृषियोग्य भूमी बाझै रहने तथा दुग्धजन्य पदार्थको अभावमा धनगढीबाट दुग्धजन्य पदार्थ आयात गर्नुपर्ने अवस्थालाई प्रतिस्थापन गर्न आगामी आ.ब. बाट यस गाउँपालिकामा एक वटा कृषि पर्यटन होम स्टे स्थापना गर्ने तथा उन्नत जातका गाइपालन कार्यक्रमलाइ उच्च महत्वका साथ अगाडी बढाइने छ ।यसका लागि आवश्यक अनुदानको व्यवस्था मिलाइनेछ । कृषि क्षेत्रलाई मूल पेशाका रुपमा अंगालेका कृषकहरुलाई व्यवसायिक कृषि सम्वन्धी तालिम र अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।पशुपालक कृषकहरुले पशुपंझीहरुमा लाग्ने विभिन्न रोगहरुबाट व्यवसायिक पशुपालनमा चुनौती भोग्नु परिरहेको सन्दर्भलाई मध्यनजर गरी यस गाउँपालिकामा दक्ष पशु चिकित्सकहरुको उपस्थितिमा वृहत निशुल्क पशु स्वास्थ्य शिविरको आयोजना गरिनेछ ।सिजन अनुसारका बिउबिजन तथा बोट विरुवा वितरणलाइ निरन्तरता दिइनेछ ।

उद्योगहरुलाइ आवश्यक पर्ने पूर्वाधारको व्यवस्था गर्न नीति निर्माण र कार्यान्वयनमा जोड दिइनेछ । स्थानीय स्रोत एवं सीपको उपयोग गरी लघु, साना तथा मझौला उद्योगको स्थापना र संचालन गरिनेछ ।यो गाउँपालिका अदुवा एवं बेसार उत्पादनको पकेट क्षेत्र रहेको हुँदा गाउँपालिकामा अदुवा तथा बेसार प्रशोधन केन्द्र स्थापना गर्न आवश्यक व्यवस्था गरिनेछ । तुलनात्मक लाभ भएका उच्च मूल्यका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, संवर्धन, खेती विस्तार एवम् निर्यातका लागि ब्राण्डिङ सहितको बजार प्रवर्धन

गरिनेछ ।बैकल्पिक उर्जाको प्रवर्धन र प्रयोगलाइ बढावा दिन अनुदानमा बायोग्यास प्लान्ट स्थापना, सुधारिएको चुलो बिस्तार, सुधारिएको पानी घट्ट निर्माण, लघु जलबिद्युतको स्थापना एव सौर्य सडक बत्ती जडान लाइ उच्च प्राथमिकता दिइनेछ ।गरिव घर परिवारलाइ अनुदानमा सोलार वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ । यस गाउँपालिकालाई सौर्य उर्जा उत्पादनको हव स्टेशनका रुपमा विकास गर्नका लागि लगानीकर्ताहरुलाई आमन्त्रण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

**उपस्थित सभा सदस्य ज्यूहरु**

बडिकेदार गाउँपालिका प्रशस्त पर्यटकीय संभावना बोकेको क्षेत्र हो । यहाँका पर्यटकीय गन्तव्य स्थल तथा उपजको पहिचान गरी विविधिकरण र विकास गरिनेछ । बडीकेदारलाई धार्मिक पर्यटनको गन्तब्यका रुपमा विकास गरिनेछ ।बडीकेदार तिर्थस्थलसम्म श्रद्दालु भक्तजनको सहज पहुँचका लागि बाटो तथा खुट्किला निर्माण गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।यस गाउँपालिकाको वडा नं ४ मा रहेको कालारुवा तालको प्रचार प्रसार गरी आन्तरिक पर्यटन प्रवर्धन तथा ताल स्थलमा पिकनिक स्पोट निर्माण गर्न आवश्यक व्यवस्था मिलाइनेछ । कालारुवा तालसम्म सहज पहुँचका लागि बाटोको व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

सहकारीमा आधारित उत्पादन, उद्यम र सेवा व्यवसायको विकास र विस्तार गरी गाउँपालिकाको दिगो र समतामूलक आर्थिक सामाजिक विकासमा योगदान पुऱ्याइनेछ ।सहकारी संस्थाहरुलाइ उत्पादनशील तथा सामाजिक व्यवसायका क्षेत्रमा क्रियाशील गराइनेछ । सहकारीको माध्यमबाट ग्रामीण क्षेत्रको

तथा विपन्न वर्गलाइ आर्थिक सामाजिक समावेशीकरण गरिनेछ । अनुगमन र नियमनलाइ प्रभावकारी बनाई सहकारी क्षेत्रमा सुशासन कायम गरिनेछ ।

**उपस्थित सभा सदस्य ज्यूहरु,**

बीपीनगर, खड्यौली एव अत्तरकाडा बजार प्रशस्त ब्यापारिक संभावना बोकेको क्षेत्र हो । गाउँपालिका स्थापना भैसके पश्चात यस्तो संभावना थप बढेर गएको छ ।गाउँपालिकाको केन्द्र खड्यौली बजारमा वित्तीय संस्थाहरुको स्थापनाका लागि आवश्यक पहल गरिनेछ । यसै आ. ब. भित्र यस गाउँपालिको विपीनगर बजारमा स्थापना भएको "क" श्रेणीको वाणिज्य वैंकको एक्सटेन्सन काउन्टर गाउँपालिका केन्द्रमा स्थापना गर्नको लागि आवश्यक पहल गरिनेछ।

शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रुपान्तरणको संवाहकको रुपमा विकास गर्ने, सवै तह एवमं बर्गको समतामूलक पहुँच सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवम् व्यवस्थापकीय क्षमतामा अभिवद्धि गरी आर्थिक सामाजिक विकासका लक्ष्यहरु हासिल गर्नेतर्फ शिक्षा नीति तथा कार्यक्रमहरु उन्मूख रहनेछन ।समग्र शिक्षा प्रणालीको सुधारका लागि स्वेतपत्र प्रकाशन गरी विद्यालयहरुको वैज्ञानिक ढंगबाट व्यवस्थापन गरिनेछ । विद्यालयहरु एकआपसमा समाहित (merge) गरी तिनलाइ आर्थिक, भौतिक एवं अन्य रुपमा स्रोत साधनले सम्पन्न बनाइनेछ । विद्यालयहरुमा कम्प्यूटर शिक्षाको साथै अग्रेंजी माध्यमबाट समेत पठन पाठनको थालनी गर्नका लागि प्रदेश तथा संघीय सरकार संग समन्वय गरी कार्य अगाडी बढाइनेछ ।निश्चित मापदण्डका आधारमा हरेक बर्ष गाउँपालिकामा सर्वोत्कृष्ठ हुने एक विद्यालयलाइ पुरस्कृत गर्ने नीति लिइनेछ ।हरेक वर्ष यस गाउँपालिकाका सामुदायिक विद्यालयबाट एस. ई. ई.परीक्षा उत्तीर्ण गर्ने परीक्षार्थी मध्ये उत्कृष्ठ नतिजा ल्याउने २ जना परीक्षार्थी (एक छात्रा र एक छात्र) लाई "बडीकेदार विद्या पदक" प्रदान गरिनेछ ।आगामी शैक्षिक सत्रबाट यस गाउँपालिकामा प्राविधिक धारको शिक्षालय स्थापना गरी प्राविधिक शिक्षाको पठनपाठन प्रारम्भ गरिनेछ

।गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधारको सबलीकरणका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने एवमं स्वास्थ्य सेवामा पहुँच प्राप्त हुने विषयलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । सबै वर्ग, क्षेत्र र समुदायका नागरिकहरुको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउने तर्फ गाउँपालिकाको बजेट केन्द्रित हुनेछ । गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि गर्दै यस गाउँपालिकामा रहेको १ वटा स्वास्थ्य चौकि लाइ लाइ आबश्यक पूर्वाधार एवं उपकरण सहित प्राथमिक स्वास्थ्य केन्द्रमा स्तरोन्नती गरिनेछ । आगामी आर्थिक वर्षबाट यस गाउँपालिकामा विशेषज्ञ चिकित्सकको व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।गम्भिर प्रकृतिका रोगी एवं दीर्घ रोगीहरुका लागि गाउँपालिकाबाट उचित संरक्षणको व्यवस्था मिलाइनेछ ।गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुबाट हुने सेवा प्रवाहलाइ गुणस्तरीय बनाउन प्रयोगसाला सुविधालाइ थप प्रभावकारी बनाइनेछ ।यस गाउँपालिकामा महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहु क्षेत्रीय पोषण योजनालाइ प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ । यसका लागि आवश्यक समपुरक कोषको व्यवस्था गरी योजनालाइ थप प्रभावकारी बनाइनेछ ।खानेपानी तथा सरसफाइ सेवा आधारभूत मानव अधिकारका रुपमा स्थापित छ। खानेपानीको पहुँचलाई नेपालको संविधानले मौलिक हकको रुपमा नै व्याख्या गरेको छ ।

**उपस्थित सभा सदस्य ज्यूहरु**

यस गाउँपालिकाका प्राय सबै जसो वडाहरुले खानेपानीको चरम अभाव बेहोरीरहेको सन्दर्भमा खानेपानीको उपलब्धता सुनिश्चित गर्ने विषय गाउँपालिकाको उच्च प्राथमिकतामा रहनेछ ।खानेपानीको दिगो व्यवस्थापनका

लागि आगामि आर्थिक वर्षमा वृहत पानी सम्मेलनको आयोजना गरी सरोकारवाला संस्थाहरुसंगको सहकार्यमा खानेपानीको दिगो समाधानका लागि आवश्यक व्यवस्था गरिनेछ । खानेपानी व्यवस्थापनको गुरुयोजना निर्माण गरी कार्य अगाडी बढाइनेछ ।खानेपानीको क्षेत्रमा क्रियाशिल विकास साझेदारहरुलाइ यस गाउँपालिकाका सवै वडामा कार्यक्रम संचालन गर्नका लागि आवश्यक वातावरण निर्माण गरिनेछ । ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना लाइ सफलतापूर्वक कार्यान्वयन गर्न समपूरक कोष खडा गरी साझेदारीका आधारमा खानेपानी आयोजना निर्माण गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

बीपीनगर बजार क्षेत्रमा बढ्दै गएको फोहरमैला व्यवस्थापनका लागि फोहोर व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ । गाउँपालिकाका बजार क्षेत्रमा सार्वजनिक शौचालयहरुको निर्माण गरी निजी क्षेत्रसंगको सहकार्यमा तिनको संचालन तथा व्यवस्थापन गरिनेछ । सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

विभिन्न जातजाति, भेषभुषा, रहन सहनका मानिसहरुको बसोबास रहेको बडीकेदार गाउँपालिका ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक दृष्टिले एक समृद्ध गाउँपालिका हो । यस क्षेत्रमा रहेका धार्मिक, पुरातात्विक तथा ऐतिहासिक सम्पदाहरुको पुननिर्माण गरी संरक्षण र संवर्द्धन गरिनेछ । धार्मिक, सास्कृंतिक पर्यटनको विकास गर्न आवश्यक व्यवस्था गरिनेछ ।बडीकेदार गाउँपालिकाको प्रवेश विन्दुका रुपमा रहेको कैलाली जिल्लाको सहजपुरमा बडीकेदार पर्यटन सुचना बोर्ड राखिनेछ । यस क्षेत्रमा मनाइने चाड पर्व, मेलापात, जात्राहरुको प्रवर्द्धन गरिनेछ ।आगामी आर्थिक बर्षमा यस गाउँपालिकामा एक "सांस्कृतिक घर" निर्माण गरी उक्त स्थानलाइ यस क्षेत्रमा प्रचलित कला, संस्कृति एवं मौलिकता झल्किने गरी संस्कृति प्रदर्शन स्थलका रुपमा विकास गरिनेछ। ।"सांस्कृतिक घर" भित्र वाद्यवाद्यन सामाग्रीहरुको आवश्यक बन्दोबस्त गरिनेछ ।

**उपस्थित सभा सदस्य ज्यूहरु**

सामाजिक र आर्थिक अवसरहरुमा समान सहभागिता सुनिश्चित गरी लैङ्गिक मूलप्रवाहीकरण र सशक्तिकरण गरिनेछ ।सबै वर्ग र क्षेत्रका महिलाहरुको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तिकरण गर्दै महिलाको मुलभूत अधिकार सुनिश्चित गरिनेछ ।गाउँपालिकामा रहेका एकल महिलाहरुको आर्थिक सामाजिक सशक्तिकरण गर्न "एकल महिला संग उपाध्यक्ष" कार्यक्रम संचालन गरी त्यस्ता महिलाहरुलाइ सीप विकास, क्षमता अभिवृद्धि तथा आयआर्जनका क्रियाकलापमा सहभागी गराइनेछ ।आर्थिक, सामाजिक वा शैक्षिक अवसरबाट वंचितिमा परेका दलित, अपाङ्गता भएका व्यक्ति, किसान, श्रमिक, उत्पीडित वा पिछडीएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्यका लागि उपलब्ध साधन स्रोत, सेवा तथा सुविधामा पहुँच सुनिश्चतता प्रदान गरिनेछ ।वालवालिकाहरुको क्षमता अभिवृद्धिका क्रियाकलाप संचालन गर्न बाल क्लबहरुलाइ परिचालन गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।वालवालिकाहरुमा रहेको अन्तरनिहित प्रतिभाहरुलाइ प्रस्फुटन गर्न र उनीहरुलाइ असल नागरिकका रुपमा विकास गर्न विविध क्रियाकलापहरु संचालन गरिनेछ ।समाजमा विद्यमान वालविवाहलाइ निरुत्साहित गर्न जनचेतनामूलक कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।आमा समूहहरुलाइ सामाजिक परिचालनका क्रियाकलापहरुमा सहभागी गराउन उत्प्रेरित गर्ने खालका कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।लक्षित वर्गहरुलाइ केन्द्रविन्दुमा राखी राज्यको मुलधारमा समावेश गर्न निशुल्क रुपमा लोक सेवा तयारी कक्षा संचालनमा ल्याइनेछ । समावेशिताका आधारमा गाउँपालिकाका सय भन्दा बढी व्यक्तिलाइ विभिन्न प्रकारका सीपमूलक तालिम प्रदान गरिनेछ ।दलित, अपाङ्गता भएका व्यक्ति, एकल महिला एवं अति विपन्न नागरिकलाइ क्षमता विकास र स्वरोजगारी जन्य तालिम प्रदान गरिनेछ ।

**उपस्थित सभा सदस्य ज्यूहरु,**

सडक विकासको पूर्वशर्त एवं पूर्वपक्ष हो ।यस गाउँपालिकामा निर्माणसम्पन्न सडकहरुको स्तरोन्नती गरी बाह्रै महिना संचालनमा ल्याउन आवश्यक बजेट विनियोजन गरिनेछ ।मूल सडकबाट वडा कार्यालय जोड्ने सडकहरुको स्तरोन्नती गरी बाह्रै महिना संचालनमा ल्याइ सबै वडा कार्यालयहरुसम्म यातायातको सेवा प्रारम्भ गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।सुनालेक जैसीबाझ बोक्टान निस्कने सडक निर्माणलाइ चालु आ.ब. मा समेत निरन्तरता दिइनेछ । सुनालेक–घाघल सडकको स्तरोन्नती गाउँपालिकाको उच्च प्राथमिकतामा रहनेछ ।यस गाउँपालिकाका सवै वस्तिहरुलाइ सडक संजालमा जोड्न आवश्यक बजेट विनियोजन गरिनेछ । आगामी आ.ब. बाट गाउँपालिकामा वस्तीविकास मापदण्ड लागु गरिनेछ । गाउँपालिकाका बजारलाई ब्यवस्थित गरी सुन्दर र आकर्षक ब्यापारीक केन्द्रका रुपमा विकास गर्न बजार क्षेत्रभित्र न्यूनतम सडक क्षेत्र कायम गरी सो सडकको स्तरोन्नती गरिनेछ ।सडक अतिक्रमण गरी बनाइएका घर, टहरा, पसल, गोदाम एवं अन्य भौतिक संरचनाहरुलाइ हटाएर बजार क्षेत्रलाइ व्यवस्थित बनाइनेछ । बजार क्षेत्र वरपर रहेका अव्यवस्थित कृषि तथा पशु फार्महरुलाइ बजार क्षेत्र बाहीर व्यवस्थित गरिनेछ ।बीपीनगर, खड्यौली र अत्तरकाडाँ बजार क्षेत्रमा थप सौर्य सडक बत्तीको व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

सूचना तथा संचारको माध्ययमबाट जनताको सुसूचित हुन पाउने संवैधानिक हकको प्रत्याभूति गर्न गाँउपालिका क्रियाशिल रहनेछ । गाउँपालिकामा ल्याण्डलाइन टेलिफोन जडान गर्न आवश्यक व्यवस्था मिलाइनेछ । यस गाउँपालिकामा रेडीयो नेपाल लगायत एफ.एम. रेडीयोहरुको प्रशारण राम्रो नभएको सन्दर्भमा गाउँपालिकाले आफ्नै लगानीमा एफ.एम. रेडीयोको स्थापना गर्न आवश्यक बजेट बिनियोजन गरिनेछ । यसै आर्थिक वर्ष भित्र गाउँपालिकाका सबै वडा कार्यालयहरुमा इन्टरनेट जडान भइसकेको सन्दर्भमा ती कार्यालयहरुबाट

हुने सेवा प्रवाहलाइ विद्युतीय शासनमा रुपान्तरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ । बीपीनगर बजारको कुनै एक उपयुत्त ठाउँमा फ्री वाइफाइ जोन को स्थापना गर्न आवश्यक बजेट विनियोजन गरिनेछ । नेपाल टेलिकमको जी. एस. एम. मोबाइलको नेटवर्क यस गाउँपालिकामा गुणस्तरीय बनाउन आवश्यक पहल गरिनेछ ।

**उपस्थित सभा सदस्य ज्यूहरु**

वातावरण व्यवस्थपानलाइ आन्तरिकीकरण गरी विकास कार्यक्रमको अभिन्न अङ्गका रुपमा संचालन गरिनेछ ।वन, वनस्पति, जडीबुटी, जैविक विविधता र जलाधारको समुचित संरक्षण, संवर्धन, व्यावसायीकरण र सदुपयोगद्वारा रोजगारी सिर्जना तथा जीविकोपार्जनमा सुधार गरी पारिस्थिकीय प्रणालिबीच सन्तुलन कायम गरिनेछ ।गाउँपालिकामा रहेको नदी, ताल तलैयाहरुमा रहेको जैविक विविधताको संरक्षण गर्न जलचर संरक्षण नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।सामुदायिक वनहरुमा पर्यापर्यटनको विकास गरी आन्तरिक पर्यटन प्रवर्धन गरिनेछ ।बनक्षेत्रमा वर्षेनी लाग्ने डढेलोका कारण तिव्ररुपमा वनविनास भइ वन्य जन्तु तथा जैविक विविधता लोप हुने खतरा उत्पन्न भएको सन्दर्भमा बन डढेलो नियन्त्रणका लागि आगामी आर्थिक वर्षबाट आगलागी हुने समयमा बन डढेलो नियन्त्रक स्वमंसेवक परिचालन गर्न आवश्यक बजेट तथा अग्नी नियन्त्रक उपकरणहरुको व्यवस्था गरिनेछ । वन डढेलो व्यवस्थापनको लागि पूर्व तयारी, डढेलो नियन्त्रण र डढेलोप्रतिरोधी क्षमता विकास गर्न आवश्यक व्यवस्था गरिनेछ । ।

यस गाँउपालिकामा एक वारुणयन्त्र को व्यवस्थाका लागि माथिल्ला तहका सरकारमा अनुरोध गरिनेछ । जलाधार क्षेत्र र पानीका मुहानहरुको संरक्षण गरिनेछ ।विपद व्यवस्थापन कोष खडा गरी त्यसलाइ विपद पूर्वतयारी, विपद प्रतिकार्य एवं पुनःलाभमा खर्च गरिनेछ ।

फोहोर मैला व्यवस्थापन यस गाउँपालिकामा समेत चुनौतीका रुपमा स्थापित हुँदै गएको अवस्था छ ।यसको व्यवस्थापनका लागि सार्वजनिक नीजि साझेदारी मोडेलको अवलम्वन गरिनेछ ।

सरकारी, सामुदायिक, सहकारी र नीजी क्षेत्रसंग सहकार्य गरी मानव संसाधनको विकास एवं संभार गरिनेछ ।दलित एवं लक्षित वर्ग केन्द्रित मानव संसाधन विकासका कार्यहरु गाउँपालिकाका उच्च प्राथमिकतामा रहनेछन । आगामि आ.ब. भित्र प्रत्येक सामुदायिक विद्यालयका एक एक जना शिक्षक, प्रत्येक वडाका एक एक जना पदाधिकारी एवं कर्मचारी तथा प्रत्येक वडाबाट पाँच महिला र पाचँ पुरुष लाई कम्प्यूटर तालिम प्रदान गर्न आवश्यक बजेट विनियोजन गरिनेछ । खेलकुदको विकास गरी युवाहरुलाइ अनुशासित र स्वस्थ बनाइ राख्न आवश्यक बजेट विनियोजन गरिनेछ ।प्रत्येक बर्ष गाउँपालिकाकै अगुवाइमा गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता गर्न "गाउँपालिका अध्यक्ष कप" आयोजना गरिनेछ ।

**उपस्थित सभा सदस्य ज्यूहरु,**

हामी भरखरै संघीयताको अभ्यासमा गएका छौ । संघीय शासन प्रणालीमा स्थानीय सरकार लाइ दिगो एवँ प्रभावाकारी बनाउन स्वावलम्बी र आत्मनिर्भर स्थानीय तहको जरुरत पर्दछ ।स्वाबलम्वी एवं आत्मनिर्भर बन्न हामीले यस गाँउपालिकामा आर्थिक स्रोतको खोजी गर्नैपर्छ ।यसै आर्थिक वर्षबाटै गाउँपालिकामा राजस्व स्रोतको पहिचान गरी करका दर र दायरा निर्धारण गरिनेछ ।आगामी आर्थिक बर्षबाट यस गाउँपालिकामा कर संकलनको कार्यमा विद्युतीय प्रणालीको अवलम्वन गरीनेछ ।ब्यबसाय कर असुली कार्यलाइ थप प्रभावकारी बनाउन "व्यवसाय कर तिरौः बिकास कार्यमा सरीक होउँ" भन्ने नाराका साथ वडा कार्यालय हरुबाटै यस्तो कर संकलनको व्यवस्था मिलाइनेछ ।यस गाउँपालिकामा रहेका सार्वजनिक सम्पत्तिहरुको अभिलेख तयार गरी तिनको

सुरक्षा, संभार एवं सदुपयोग गरिनेछ । अतिक्रमित सार्वजनिक जग्गा, भवन, वनक्षेत्र एव नदी नाला हरुको अतिक्रमण हटाइ तिनको संरक्षण गरिनेछ ।

आगामी आ. ब. मा गाउँपालिकाको प्रोफाइललाइ डिजीटल बनाउन गैर सरकारी क्षेत्रसंग सहकार्य गरिनेछ । सवै वडा कार्यालयहरुमा डीजिटल नागरिक बडापत्र राख्न आवश्यक बजेट विनियोजन गरिनेछ । वडा कार्यालयबाट हुने सेवा प्रवाहलाइ थप प्रभावकारी बनाउन सेवा प्रवाहलाइ सफ्टवेयर वेसमा संचालन गरिनेछ ।सार्वजनिक सेवा प्रवाह र सार्वजनिक निर्माणमा पारदर्शिता सुनिश्चित गरिनेछ ।योजना तथा कार्यक्रममा हुने दोहोरोपनलाइ मध्यनजर गरी प्रदेश र संघीय सरकारबाट छनौटमा परेका योजनाहरुमा गाउँपालिकाबाट थप बजेट बिनियोजन गरिनेछैन । यसैगरी गैर सरकारी संस्थाका क्रियाकलापहरुलाइ समेत राज्य संलग्न नभएका क्षेत्रहरुमा केन्द्रित गरिनेछ ।गैर सरकारी संस्थाका क्रियाकलापहरुलाइ वितरणमूखी भन्दा उत्पादनमूखी क्षेत्रमा केन्द्रीत गर्न प्रोत्साहित गरिनेछ । सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधिको प्रयोगलाइ स्थापित र विस्तारित गर्दै लगिनेछ ।सार्वजनिक जवाफदेहिताको लागि प्रविधिको दिगो प्रयोग लाइ बढावा दिन आवश्यक व्यवस्था गरिनेछ ।गैर सरकारी क्षेत्र संगको सहकार्यमा प्रविधिको दिगो प्रयोगलाइ परियोजनाकै रुपमा लागु गरिनेछ ।गाउँपालिकामा टेक्नो हबको स्थापना गर्न पहल गरिनेछ । पंजीकरण सम्बन्धी कार्यलाइ एम. आइ. एस. मा आवद्ध गर्न भर्स (VERS) लागू गरिनेछ । सामाजिक सुरक्षा भत्तालाइ प्रभावकारी र पारदर्शी बनाउन एम. आइ. एस. प्रविष्टी गरी बैङ्कीङ प्रणालीबाट भत्ता वितरणको व्यवस्था मिलाइनेछ ।

**उपस्थित सभा सदस्य ज्यूहरु**

यसै आर्थिक वर्षमा गाउँपालिकाको मूल प्रशासनिक भवन एव वडा कार्यालय भवन निर्माणका लागि आवश्यक जग्गाको प्रवन्ध गरी भवन निर्माणको थालनी गरिनेछ । मदिरा र मदिराजन्य पदार्थबाट सिर्जित आर्थिक, सामाजिक एवं सुरक्षा संवेदनशिलतालाइ मध्यनजर गरी यसको नियन्त्रणका लागि आवश्यक प्रवन्ध गरिनेछ । कर्मचारीको वृत्ति विकास एवं सेवा प्रति उत्प्रेरित गराइराख्न आवश्यक बजेट विनियोजन गरिनेछ ।यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाइ सेवा प्रति उत्प्रेरित बनाइराख्न र आसन्न नेपाल भ्रमण वर्ष २०२० लाइ सफल पार्न सम्पूर्ण कर्मचारीहरुलाइ खाइपाइ आएको न्यूनतम तलवमानमा एक आर्थिक वर्षमा एकपटक एक महिना बराबरको तलब आन्तरिक भ्रमणका लागि प्रोत्साहन स्वरुप उपलब्ध गराउन आवश्यक बजेट व्यवस्था गरिनेछ ।
विकास निर्माण कार्यमा नागरिक सहभागीताको प्रवर्धन गर्न सहभागीतामूलक विकास प्रक्रिया अवलम्वन गरिनेछ । उपभोक्ता समितिहरुको क्षमता विकास गर्न आवश्यक व्यवस्था गरिनेछ ।उपभोक्ताहरु प्रत्यक्ष संलग्न नहुने तथा तिनको श्रम तथा योगदान समेत संलग्न नहुने योजना तथा कार्यक्रमहरुलाइ गाउँपालिका स्वमं कै अगुवाइमा र टेण्डर प्रक्रिया मार्फत कार्यान्वयन गरिनेछ ।
गाउँपालिका बाट प्रदान गरिने सार्वजनिक सेवा एवं यस गाउँपालिकामा हुने सबै काम कार्यबाहीलाइ सुशासनयुक्त बनाउन सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण लगायतका कार्यहरु नियमित रुपमा संचालन गरिनेछन ।

**उपस्थित सभा सदस्य ज्यूहरु,**

विकासको आवश्यकता र उर्लदा जनआकांक्षा पूरा गर्न तथा विकासलाई दिगो बनाउन सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहकार्य र परिपूरक भूमिका अपरिहार्य छ । संविधानद्वारा निर्दिष्ट जिम्मेवारी पूरा गर्न गाउँपालिकाले आधारभूत सामाजिक सेवा र पूर्वाधार क्षेत्रमा लगानी बढाउँदै

व्यावसियक ढङ्गले अघि बढ्न सकिने क्षेत्रमा निजी तथा सहकारी र सामुदायिक क्षेत्रको क्षमता र संभावना उपयोग गरी विकासका लक्ष्यहरु प्राप्त गर्न गाउँपालिका प्रतिवद्द छ । यिनै विषयलाई केन्द्रविन्दुमा राखेर गाउँपालिकाको नीति तथा कार्यक्रम तयार गरेको छु ।

अन्त्यमा, यस ऐतिहासिक गाउँ सभालाइ सफलतापूर्बक आयोजना गर्न एवं नीति तथा कार्यक्रम तर्जुमा गर्न आवश्यक सुझाव र मार्गदशन दिनुहुने समस्त गाउँपालिकाबासी बुद्दिजिबी, समाजसेवी, सबै राजनैतिक दल, शिक्षक, उद्योगी ब्यापारी, सुरक्षाकर्मी, पत्रकार, विभिन्न पेशाकर्मी एवं आम जनसमुदायलाइ विशेष धन्यवाद दिन चाहन्छु । नीति तथा कार्यक्रम तर्जुमाको कार्यमा अहोरात्र खट्ने गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष एवं सम्पूर्ण गाउँ सभाका सदस्य साथै सम्पूर्ण कर्मचारी ज्युहरुलाइ हृदय देखि नै धन्यवाद दिन चाहन्छु ।

"समृद्ध बडीकेदारः पर्यटन, कृषि र पूर्वाधार" भन्ने हाम्रो नारालाइ सार्थक बनाउन हामी सबै गाउँपालिकावासी एकढिक्का भएर अगाडि बढ्न सकौँ । केदार बाबाले हामी सवैको रक्षा गरुन ।

**धन्यवाद, जयनेपाल ।**

**कृष्ण बहादुर चन्द**
**अध्यक्ष**

**बडीकेदार गाउँपालिका**

बडीकेदार गाउँपालिका